**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०३ अप्रेल २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीको लोकप्रिय मासिक रेडियो कार्यक्रम, मन की बातले आज आफ्नो 11 वर्ष पूरा गर्यो।

२. पश्चिम बंगालका विभिन्न जिल्लाहरूमा लगभग दुई हजार बुथहरूमा तैनाथ बुथ-स्तरीय अधिकारी (BLO) लाई चाँडै नै फेरबदल गरिने सम्भावना छ।

३. दार्जिलिङको 111 वर्ष पुरानो दुर्गा पूजा विश्व प्रसिद्ध दार्जिलिङ हिमालयन रेलवेबाट रंगबुलमा विसर्जन गरिएको छ।

४. पश्चिम बंगालका धेरै जिल्लाहरूमा ६ अक्टोबरसम्म भारी वर्षा हुने अनुमान गरिएको छ।

५. म्बिक लोदोमा दिपावली कप फुटबलको १८ औं संस्करण आगामी ५ अक्टोबरदेखि शुभारम्भ हुँदैछ।

**मन की बात**

प्रधानमन्त्री नरेन्द्र मोदीको लोकप्रिय मासिक रेडियो कार्यक्रम, मन की बातले आज आफ्नो 11 वर्ष पूरा गर्यो। मन की बातको पहिलो संस्करण 3 अक्टोबर 2014 मा विजयादशमीको अवसरमा प्रसारित गरिएको थियो।हालै, प्रधानमन्त्री नरेन्द्र मोदीले यस कार्यक्रमको 126औं संस्करणमा राष्ट्रलाई संबोधित गर्नुभयो।हाम्रा संवाददाताले बताए अनुसार यो कार्यक्रम केवल एक रेडियो कार्यक्रम मात्र नभएर सांस्कृतिक र सामाजिक परिवर्तनको प्रतीक हो। यो देशको हरेक कुनामा पुगेको छ।

**बाइट**

**विदेश मंत्रालय-ब्रीफिंग**

भारतले भनेको छ पीओकेमा गम्भीर मानवअधिकार उल्लङ्घनको लागि पाकिस्तानलाई जवाफदेही ठहर गरिनुपर्छ। नयाँ दिल्लीमा, विदेश मन्त्रालयका प्रवक्ता रणधीर जायसवालले पाकिस्तानको कब्जामा रहेको जम्मू-कश्मीर-पीओकेका धेरै क्षेत्रहरूमा विरोध प्रदर्शनका क्रममा निर्दोष मानिसहरूमाथि सेनाले गरेको क्रूरताको खबरको उल्लेख गर्नुभएको छ। उहाँले भन्नुभयो छ यो पाकिस्तानको दमनकारी दृष्टिकोण र यी क्षेत्रहरूबाट संसाधनहरूको व्यवस्थित लुटको परिणाम हो भनि ठान्दछ।श्री जायसवालले बंगलादेशका गृह सल्लाहकार जहाँगीर आलम चौधरीको दाबीलाई झूटो र निराधार बताउँदै खारेज गर्नुभयो, आलम चौधरीले बंगलादेशमा हालै भएको अशान्ति भारत लगायत बाहिरी प्रभावबाट प्रेरित भएको दाबी गरेका थिए। जायसवालले भन्नुभयो बंगलादेशको अन्तरिम सरकार कानून र व्यवस्था कायम राख्न असमर्थ छ, त्यसैले उसले नियमित रूपमा दोष अन्य माथि थोप्न प्रयास गरिरहन्छ।

**चुनाव आयोग - केंद्रीय पर्यवेक्षक**

मुख्य चुनाव आयुक्त ज्ञानेश कुमारले राजनीतिक दल, उम्मेदवार र मतदाताहरूको शिकायतहरुको निवारणका लागि केन्द्रीय पर्यवेक्षकहरूलाई उपलब्ध रहन निर्देशन दिनु भएको छ।श्री कुमारले बिहार विधानसभा चुनाव र केही राज्यहरूमा उपचुनावका लागि तैनाथ केन्द्रीय पर्यवेक्षकहरूसित यो कुरा भन्नुभयो। उहाँले भन्नुभयो चुनाव पर्यवेक्षकहरू लोकतन्त्रका प्रतीक

हुन्।उहाँले पर्यवेक्षकहरूलाई मतदान केन्द्रहरूको भ्रमण गर्न र मतदाताहरूको सुविधाका लागि गरिएका पहलहरूको कार्यान्वयन सुनिश्चित गर्न पनि निर्देश दिनु भयो।

## बुथ-स्तरीय अधिकारी फेरबदल

पश्चिम बंगालमा चुनाव आयोगको निर्देशहरुलाई बेवास्ता गर्ने मामिलामा ठूलो कारबाही गरिन सक्नेछ। विभिन्न जिल्लाहरूमा लगभग दुई हजार बुथहरूमा तैनाथ बुथ-स्तरीय अधिकारी (BLO) लाई चाँडै नै फेरबदल गरिने सम्भावना छ। मुख्य निर्वाचन अधिकारी (सीईओ) कार्यालय स्रोतका अनुसार यी अनियमितताहरूको विस्तृत रिपोर्ट सम्बन्धित जिल्लाका जिल्ला अधिकारीबाट माग गरिएको छ, जो जिल्ला निर्वाचन अधिकारी पनि हुन्। रिपोर्ट प्राप्त हुने बित्तिकै, चुनाव आयोगको तय गाइडलाइनको आधारमा BLO नियुक्तिहरू फेरबदल गरिनेछ। विशेष संक्षिप्त पुनरीक्षण (स्पेशल इंटेंसिव रिवीजन) सुरु हुनुभन्दा पहिले यो सम्पूर्ण प्रक्रिया पूरा हुनेछ भनी सीईओको कार्यालयले स्पष्ट पारेको छ।

## जीएसटी सुधारहरू - दुई चक्के सवारी साधन र कारहरू

प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा घोषणा गरिएको र गत महिनाको २२ तारिखमा सुरु गरिएको जीएसटी बचत महोत्सवले समाजका सबै वर्गलाई फाइदा पुऱ्याइरहेको छ। आगामी पुस्ताको जीएसटी सुधारहरू देशको अप्रत्यक्ष कर प्रणालीलाई सरल बनाउने दिशामा एक महत्त्वपूर्ण कदम हो। यी सुधारहरूले विभिन्न वस्तु र सेवाहरूमा कर दरहरू घटाएर नागरिकहरूलाई उल्लेखनीय राहत प्रदान गरिरहेका छन्।

## टोय ट्रेनद्वारा दुर्गा पूजा विसर्जन

यस वर्ष दार्जिलिङको पुरानो समयदेखि आयोजना हुन्दै आइरहेको निपेन्द्र नारायण बंगाली हिन्दू हल श्री दुर्गा मन्दिरद्वारा दुर्गा पूजा 111 वर्ष पुगेकोमा भव्य रूपमा मनाइएको छ। विश्व प्रसिद्ध दार्जिलिङ हिमालयन रेलवेमा दार्जिलिङबाट लगभग १२ किलोमिटर टाडा रंगबुलमा देवी दुर्गाको विसर्जन पनि भव्य रूपमा गरिएको छ। टोय ट्रेनद्वारा बतासिया लूप हुँदै मूर्तिलाई 7407 मिटरमा अवस्थित एसियाको सबैभन्दा अग्लो रेलवे स्टेशनहरूमध्ये एक घुम रेलवे स्टेशनमा पुऱ्याइएको थियो। विसर्जन अवसरमा आयोजित ऱ्याली भव्यरुपमा आयोजना गरिएको थियो र ऱ्यालीमा सबैजना आफ्नो परम्परागत पोशाकमा थिए। टोय ट्रेनको तीनवटा बोगीहरूमा दुईवटामा भक्तजन र पूजा समितिका सदस्यहरू पनि थिए। निपेन्द्र नारायण बंगाली हिन्दू हलको सचिव सुबाशिस सेनगुप्ताले पूजा सफल बनाएकोमा सबैलाई धन्यवाद दिनु भएको छ।

## कालेबुङ पुलिस - विजयादशमी

विजयादशमीको विशेष अवसरमा कालेबुङ जिल्ला पुलिसले हु केयर्सद्वारा सञ्चालित जोयस होम, बर्बोटमा विशेष कार्यक्रम आयोजना गरेको छ। कालेबुङ जिल्ला पुलिस अधीक्षक आईपीएस श्रीहरी पाण्डेको अगुवाईमा विभिन्न अधिकारीहरू हिजो जोयस होम पुगेका थिए। यस अवसरमा वृद्ध आमाबाबा र अन्य सबैका लागि दिनको भोजनको व्यवस्था कालेबुङ जिल्ला पुलिसकै तर्फबाट आयोजना गरिएको थियो। सो कार्यक्रममा हु केयर्सका निर्देशक एरोन योञ्जन र होम्सका म्यानेजर बिनिता छेत्रीले कालेबुङ जिल्ला पुलिस अधीक्षक र सम्पूर्ण जिल्ला पुलिसलाई हार्दिक आभार व्यक्त गरेका छन्।

## दुर्गा पूजामा कोलकाता पुलिसको कारबाही

दुर्गा पूजाको समयमा कानून व्यवस्था कायम राख्न कोलकाता पुलिसले कडा कारबाही गरेको छ। महा नवमीको रातदेखि विजयादशमीको रातसम्म पुलिसले मादक पदार्थ सेवन गरेर गाडी चलाएको, लापरवाहीपूर्वक गाडी चलाएको र अभद्र व्यवहार गरेको आरोपमा १२७ जनालाई पक्राउ गरेको छ।यसका साथै हेलमेटबिना गाडी चलाएको र दुई चक्के सवारी साधनमा सवार तीनजनासहित ट्राफिक नियम उल्लङ्घन गरेको आरोपमा १ हजार ९ सय ९३ जना विरुद्ध मुद्दा दर्ता गरिएको छ।

## पश्चिम बंगाल मौसम

गहिरो दबाव कमजोर हुँदै निम्न दबाव क्षेत्रमा परिणत भए पनि पश्चिम बंगालका धेरै जिल्लाहरूमा भारीदेखि धेरै भारी वर्षा हुने अनुमान गरिएको छ। मौसम विज्ञान विभागले आज चेतावनी जारी गर्दै ६ अक्टोबरसम्म राज्यका विभिन्न भागहरूमा वर्षाको प्रभाव महसुस हुन सक्ने बताएको छ।

पूर्वानुमान अनुसार, दार्जिलिङ, कालिम्पोङ, अलिपुरद्वार, जलपाईगुडी र कुचबिहार जस्ता निम्न -हिमालयन जिल्लाहरूमा ५ अक्टोबरसम्म ७ देखि २० सेन्टिमिटरसम्म भारीदेखि धेरै भारी वर्षा हुन सक्छ।

**रिम्बिक लोदोमा फुटबल**

रिम्बिक लोदोमा दिपावली कप फुटबलको १८ औं संस्करण आगामी ५ अक्टोबरदेखि शुभारम्भ हुँदैछ। आयोजक समितिले यसपटक पनि  १२ वटा उत्कृष्ट क्लबहरूलाई छनोट गरेको छ| आयोजक समितिका सभापति पासाङ शेर्पाले यो कप केवल प्रतियोगिता मात्र नभई हाम्रो समाजलाई एकजुट बनाउने एउटा महान् पर्व हो। रिम्बिक–लोदोमा कपले सिर्जना गरेको परम्परा यस क्षेत्रमा इतिहास  भइसकेको छ बताउनु भएको छयस खेलले स्थानीय प्रतिभाहरुलाई मंच प्रदान गर्दै क्षेत्रीय तथा बाह्य खेलाडीलाई एउटै मञ्चमा ल्याउने काम गर्दै आएको छ। दर्शक एवम् प्रशंसकहरूले पनि आयोजक समितिको ‘‘विशेष दिपावली कपले सबैको मन जितेको बताइएको छ ।

**तृणमूल कांग्रेस- भाजपा**

कूचबिहारमा तृणमूल कांग्रेसमाथि भाजपा पञ्चायत समिति सदस्यको घरमा तोडफोड गरेको आरोप लागेको छ। घटनापछि क्षेत्रमा तनाव छ। रिपोर्टका अनुसार, भाजपाले हिजो राति कूचबिहारको भेतागुडीको अन्न बजारमा रहेको दुर्गा पूजा मण्डपमा बसिरहेका दुई तृणमूल कांग्रेस कार्यकर्ता तपन बर्मन र नरेश बर्मनलाई कुटपिट गरेको आरोप लागेको छ। घटनापछि भेतागुडी २ अञ्चल अध्यक्ष सुनील राय सरकारको नेतृत्वमा बैसागुडी क्षेत्रमा भाजपा पञ्चायत समिति सदस्य सीता बर्मन र अन्य दुईजनाको घरमा तोडफोड गरिएको बताइएको छ।

**कारले किचेर तीनजनाको मृत्यु सातजना घाइते**

जलपाईगुडी जिल्लामा दशहराको रात दुर्गा पूजाको समयमा एउटा दुखद दुर्घटना भयो। धुपगुडीबाट मयनागुडी जाने एसियन राजमार्ग ४ मा रहेको पुल नम्बर २ नजिकै तीव्र गतिमा रहेको कारले अचानक नियन्त्रण गुमायो र सडक छेउमा उभिएका मानिसहरूलाई किचेर एउटा पसलमा ठोक्कियो। घटनामा तीनजनाको मृत्यु भएको छ भने सातजना गम्भीर घाइते भएका छन् ।

**टिङलीङ चियाबगान**

मिरिकको टिङलीङ चियाबगानमा

**कालेबुङ पुलिस आर्काइब्स**

कालेबुङ थाना साथै

**पाँचौं बंगाल हिमालयन कार्निभल 2025**

पाँचौं बंगाल हिमालयन

**युवाहरू भागोप्रमोमा सामेल**

सौरेनी समस्टी अन्तर्गत फुवागडी